जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २४८ २०७९ साल बैशाख २३ गते शुक्रबार (6 May 2022 Friday) मूल्य रु. ५/-

*Log in : rajbirajdainik.com.np*

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं,
- सडक बत्ति हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौ,
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : यस्ता छन् दलका ... ३ पृष्ठमा : नेपाललाई मध्यम आययुक्त... ३ पृष्ठमा : अमेरिकी विदेशमन्त्रीलाइ ...

# सप्तरी आएर गृहमन्त्रीले दिए सुरक्षा निकायलाई निर्देशन



**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

गृहमन्त्री बालकृष्ण खाँणले बिहीबार सप्तरीका सुरक्षा निकायका प्रमुखसँग निर्वाचन केन्द्रित सुरक्षा व्यवस्था बारे जानकारी लिएका छन्। उनले ती निकायका प्रमुखहरुलाई आवश्यक निर्देशन समेत दिए।

बिहीबार राजविराज आइपुगेका गृह मन्त्री खाँणले स्थानिय तहको निर्वाचनलाई स्वच्छ, मर्यादित, धाँधलीरहित सम्पन्न गराउन सुरक्षा निकायले निर्देशन दिएका छन्।

सुरक्षा प्रमुखहरुसँग निर्वाचन केन्द्रित सुरक्षा अवस्था बारे छलफल पश्चात् नेपाली काँग्रेसका स्थानिय नेता कार्यकर्तासँगको भेटघाट कार्यक्रममा मन्त्री खाँणले चुनावलाई स्थानिय सरकार निर्माणको संज्ञा दिँदै यसलाई मर्यादित र निश्पक्ष ढंगले सम्पन्न

*बाँकी अन्तिम पृष्ठमा*

# माओवादी केन्द्रको घोषणापत्र सार्वजनिक



**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

आउँदो बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनमा आ-आफ्नो पक्षमा मत तान्न उम्मेदवारहरुले विकास निर्माणका साथै विभिन्न महत्वाकांक्षी योजना समावेश गर्दै घोषणा पत्र सार्वजनिक गर्न थालेका छन्।

यसै क्रममा विहीबार राजविराज नगरपालिकामा नेकपा माओवादी केन्द्रको तर्फबाट नगर प्रमुख पदका उम्मेदवार शम्भुप्रसाद यादवले पत्रकार सम्मेलन मार्फत ३० बुँदे घोषणा पत्र सार्वजनिक गरेका छन्।

सार्वजनिक गरिएको घोषणा पत्रमा वर्षौदेखी बिटोरीमा रहेका नगर ब्लकका जग्गाको लालपूर्जा बितरण गर्ने, मजदुरका लागि सुलभ दर रेटमा खाना, चिया र नास्ता उपलब्ध गराउन सस्तो पसल संचालनमा ल्याउने, अतिथि गृहको निर्माण गराउने, जिर्ण अवस्थामा रहेको राजरंगशालालाई स्तोरोन्नती गरि खेलग्राममा रुपान्तरण गर्ने, विपन्न समुदायको पहिचान गरि प्रति परिवारलाई १० हजारको सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाइएको छ।

यस्तै नगरस्तरिय क्रिकेट स्टेडियमको निर्माण, नगर क्षेत्रमा रिंगरोडको निर्माण, नगर सुरक्षाका लागि नगर प्रहरीको व्यवस्था, अनलाइन मार्फत घर नक्सा पासको व्यवस्था, नगर क्षेत्रमा सिसि क्यामरा जडान, बन्द अवस्थामा रहेको लेखनाथ

*बाँकी अन्तिम पृष्ठमा*

# आचारसंहिता विपरीत लगाइएका प्रचार सामाग्रि हटाइदै



**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

विभिन्न राजनीतिक दलका र स्वतन्त्र उम्मेदवाहरहरुले निर्वाचन आचारसंहित विपरीत सार्वजनिक ठाउँमा लगाएको प्रचार प्रसार सामाग्रि प्रहरीले धमाधम हटाउन थालेको छ।

बैशाख ३० गते हुन लागेको स्थानिय तह निर्वाचनको प्रचार प्रसारमा जिल्लामा निर्वाचन आचारसहिता विपरीत व्यापक रुपमा प्रचार प्रसार सामाग्रि झुण्ड्याइएको तथा निर्वाचन कार्यालयले तोकेको मापदण्ड विपरीत गतिविधी हुन थालेको जनगुनासो बढ्दै गएपछि प्रहरीको सहयोगमा धमाधम त्यस्ता प्रचार प्रसार सामाग्रि हटाउन थालिएको हो।

दलहरूले निर्वाचन प्रचार-प्रसार भड्किलो मात्र नभई सहर र गाउँको सौन्दर्य नै सखाप पार्ने गरी ब्यानर, तोरण र पोष्टर टाँगेको भन्दै निर्वाचन आयोगको निर्देशनानुसार प्रचार सामग्री हटाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अविनारायण काफ्लेले बताए।

सप्तरीका मुख्य निर्वाचन अधिकृत चन्द्रमणि ज्ञवालीको अध्यक्षतामा अघिललो दिन बसेको बैठकले आचारसहिता उल्लंघन हुने गरि झुण्ड्याइएको त्यस्ता प्रचार प्रसार सामाग्रि तत्काल हटाउने निर्णय गरेको थियो। सप्तरी सदरमुकाम राजविराजमा मात्रै बिहीबार त्यस्ता प्रचार प्रसार समाग्रि दुई ट्रक भरेर लगिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए।

आचारसहिता विपरीत विभिन्न राजनीतिक दलहरुले डिजे बाजासहित संगित, प्रचार निर्वाचन

*बाँकी अन्तिम पृष्ठमा*

# मोटरसाइकल र साइकल ठोकिदा साइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २२ बैशाख ।**

मोटरसाइकल र साइकल एक आपसमा ठोकिदा बुधबार राती साइकल चालकको मृत्यु भएको छ भने दुर्घटनामा एक जना गम्भिर घाइते भएका छन्।

सप्तरीको राजविराज-तिलाठी सडक खण्डमा बुधबार राती भएको उक्त दुर्घटनामा जिल्लाको तिलाठी कोइलाडी गाउँपालिका १ निवासी ४३ वर्षिय सतिश कुमार यादवको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय सप्तरीले राती २ बजेतिर राजविराजतर्फ आउँदै गरेको को.१७प. ८५६३ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट आउँदै गरेको साइकल एक आपसमा ठोकिदा साइकल सवार यादवको मृत्यु भएको जानकारी दिएको छ।

दुर्घटनामा मोटरसाइकल चालक छिन्नमस्ता गाउँपालिका १ निवासी २० वर्षिय शंकर भनिने इन्द्रजित कुमार यादव गम्भिर घाइते भएका छन्। उनको धरानस्थित विपि कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भइरहेको डिएसपी माधवप्रसाद

*बाँकी अन्तिम पृष्ठमा*



## सम्पादकीय ....

# शान्तिपूर्ण तरिकाले निर्वाचन सम्पन्न गराउन सबैको सहयोग आवश्यक

चुनावी माहोलको बेला अहिले शान्ति, सुरक्षा र सुव्यवस्थामा समेत चुस्त हुनु जरुरी छ। निर्वाचनको समयमा हुने उच्श्रृंखल गतिविधी बढ्न सक्ने सम्भावना रहेकोले सुरक्षा निकाय यसप्रति सचेत हुनुपर्छ। बैशाख ३० गते हुने स्थानिय निर्वाचनलाई मध्य नजर गर्दै सरकारले जिल्लामा झण्डै ३० हजार म्यादी प्रहरीलाई अस्थायी रुपमा खटाएको छ। यस बाहेक नेपाल र सशस्त्र प्रहरी गरि झण्डै दुई १ हजार ५ सयको संख्यामा सुरक्षाकर्मी रहेको छ।

अहिले विभिन्न राजनीतिक दलहहरुले चुनावी प्रचार प्रसारलाई तिब्रता दिएको छ। यसरी राजनीतिक दलहरुले गर्ने चुनावी प्रचार प्रसारका क्रममा कुनै हिंसात्मक झडप हुन नदिन सुरक्षाकर्मीले सतर्कता अपनाउ कुनै चुक गर्नुहुँदैन्। जनतालाई सुरक्षा र शान्ति प्रदान गर्ने उद्देश्यले सुरक्षाकर्मी सदैव तयारी अवस्थामा रहनुपर्छ। हालसम्म जिल्लामा एक दुई स्थानमा सानो झडप भएपनि ठूलै दुर्घटना भएको छैन्। सुरक्षाकर्मीको सुझबुझ र चुनाव केन्द्रित रणनीतिका कारण जिल्लामा शान्ति सुव्यवस्था हालसम्म कायम रहेको छ।

निर्वाचन मर्यादित, सुव्यवस्थित, शान्तिपूर्ण र धांधलीरहित सम्पन्न गराउन सुरक्षा निकायका साथ विभिन्न राजनीतिक दल, स्थानियवासी लगायतको सहयोग आवश्यक रहेको छ। तसर्थ यसप्रति सबैको सहयोग आवश्यक रहेकोले निर्वाचनलाई शान्तिपूर्ण तरिकाले सम्पन्न गराई एउटा उदाहरण प्रस्तुत गर्न जिल्लावासीको कर्तव्य रहेको छ।

# यस्ता छन् दलका घोषणापत्रमा पर्यटन विकासका खाका

**सिबी अधिकारी**

काठमाडौँ, २२ वैशाख (रासस)।

कोरोनाको महामारीले सबैभन्दा बढी असर पारेको मुलुकको पर्यटन क्षेत्र विस्तारै तङ्ग्रिँदै छ। अहिले विदेशी पर्यटकको आगमन पनि क्रमशः बढिरहेको छ। राजधानी काठमाडौँसहित प्रमुख पर्यटकीय गन्तव्यमा पर्यटकको चहलपहल बढ्नाका साथै भरिभराउ पनि भएका छन्।

नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अप्रिल महिनामा मात्रै ५८ हजार ३४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन्, जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा १६० प्रतिशतले वृद्धि हो। सन् २०२१ को अप्रिल महिनामा २२ हजार ४५० विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। यस वर्षको अप्रिल महिनाको पर्यटक आगमन कोरोना महामारीपछि सबैभन्दा बढी हो। यस वर्षको सुरुआती महिनादेखि निरन्तररूपमा विदेशी पर्यटकको आगमन बढिरहेको छ।

सन् २०२२ को जनवरीमा १६ हजार ९७५, फेब्रुअरीमा १९ हजार ७६६ र मार्च महिनामा ४२ हजारभन्दा बढी विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपालमा हिमाल आरोहणको याम भएकाले पनि विदेशी पर्यटक बढेका हुन्। यतिखेर पर्वतारोहण र पदयात्राको उपयुक्त बेला भएकाले पनि विदेशी उल्लेख्य सङ्ख्यामा आइरहेका छन्। पर्यटन विभागका अनुसार सगरमाथासहित हिमाल आरोहणका लागि ११ आरोही समूहका ८९९ आरोहीले आरोहण अनुमति लिएका छन्। सन् २०२१ मा डेढ लाख विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। सन् २०२० मा दुई लाख ३० हजार र सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक भित्रिएका थिए। यो वृद्धि १२दशमलव पाँच प्रतिशतले भएको थियो।

पन्ध्रौँ पञ्चवर्षीय योजनामा पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारका रूपमा लिइएको छ। नेपालले विश्वकै आकर्षक गन्तव्य विकास र गुणस्तरीय पर्यटन सेवा दिने नीति लिएको छ।

स्थानीय तहको निर्वाचन देशभर यही वैशाख ३० गते हुँदैछ। स्थायी सरकारको महत्वपूर्ण संरचना जनतासँग प्रत्यक्ष जोडिने भएकाले पनि स्थानीय तहको चासो स्वभाविक हुन्छ। सोही निर्वाचनलाई लक्ष्य गरेर राजनीतिक दलले आ-आफ्ना निर्वाचनको घोषणापत्र सार्वजनिक गरेका छन्। देशको अर्थतन्त्रको दरिलो आधारका रूपमा रहेको पर्यटनलाई प्रमुख राजनीतिक दलले पनि उच्च प्राथमिकता दिएर आगामी रणनीतिहरू बनाएका छन्। उनीहरूले पर्यटन क्षेत्रलाई राष्ट्रिय आयआर्जनको एक महत्वपूर्ण स्रोतका रूपमा अघि बढाउन उच्च प्राथमिकता दिएका हुन्। नेपाललाई विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरी जनताको जीवनस्तर उकास्ने र राष्ट्रिय आयआर्जनको एक महत्वपूर्ण स्रोतका रूपमा यसलाई अघि बढाउन उच्च प्राथमिकता दिइने दलको प्रतिबद्धता छ।

नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादीलगायत पार्टीले आ-आफ्नो चुनावी घोषणपत्रमार्फत पर्यटन प्रवर्द्धनका महत्वकाङ्क्षी योजना अघि सारेका हुन्।

**नेपाली कांग्रेस**

नेपाली कांग्रेसले पर्यटनबाट समुन्नत राष्ट्र बनाउन प्रशस्त आधार भए पनि अपेक्षित लाभ लिन नसकिएको अवस्थामा एकीकृत र व्यवस्थित विकाससँगै आगामी दशकमा यस क्षेत्रबाटै देशको अर्थतन्त्रमा अगुवाइ गराउने लक्ष्य लिएको छ। नेपाललाई विशिष्ट पर्यटकीय गन्तव्यका रूपमा स्थापित गरी जनताको जीवनस्तर उकास्ने र राष्ट्रिय आयआर्जनको एक महत्वपूर्ण स्रोतका रूपमा अघि बढाउन उच्च प्राथमिकता दिइने कांग्रेसको घोषणापत्रमा उल्लेख छ।

कांग्रेसले पर्यटकलाई बचाउन, फर्काउन र फैलाउनका लागि गन्तव्य प्रवर्द्धन, गुणस्तरीय पूर्वाधार विकास, विस्तार र स्तरोन्नति गर्ने, नयाँ पूर्वाधारको निर्माण गर्दा स्थानीय पहिचान झल्किने बनाउने लक्ष्य लिएको छ। विशिष्ट सांस्कृतिक सम्पदाहरू र परम्परागत तथा पुरातात्विक महत्वका सामग्री सङ्कलन गरी हरेक स्थानीय तहमा कम्तीमा एउटा सङ्ग्राहलय निर्माण र वातावरणमैत्री व्यवसायका रूपमा पर्यटन प्रवर्द्धन गरिने कुरा पनि उल्लेख छ।

आकर्षक गन्तव्य र गतिवधिहरूको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्नाका साथै उनीहरूसँग सहकार्य गर्ने, स्थानीय तथा बाह्य लगानीकर्तालाई पर्यटकीय गन्तव्य निर्माण र गतिविधि सिर्जना गर्नका लागि लगानीमा प्रेरित गर्ने बताइएको छ। पर्वतारोहण, पदयात्रा, जलयात्रा, जङ्गल सफारीजस्ता जोखिमयुक्त गतिविधिमा काम गर्ने जनशक्तिको जीवनलाई सहज र सुरक्षित बनाउने, परम्परागत शैलीमा निर्माण गरिएका घर संरक्षण तथा त्यस्तै शैलीमा नयाँ घर निर्माण गर्न खोज्ने स्थानीयवासीलाई सहुलियतको व्यवस्था गर्ने भनिएको छ।

**नेकपा एमाले**

मौलिक कला, संस्कृति र पर्यटनबाट समृद्धिको अवधारणा ल्याएको नेकपा (एमाले)ले तिनको जगेर्ना गर्दै स्थानीय पहिचानका क्षेत्रलाई अभिवृद्धि गर्ने र पर्यटनको विकासमार्फत रोजगारी र समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ। प्रत्येक पालिकाको गौरवका प्राकृतिक र सांस्कृतिक विषय छनोट र विकास गर्ने भनिएको छ। पर्यटकीय प्राकृतिक सम्पदा संरक्षण, ऐतिहासिक र सांस्कृतिक सम्पदाको प्रवर्द्धन, मानव निर्मित पर्यटकीय वस्तुको विकास, मूर्त र अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण गरिने जनाइएको छ। सम्बन्धित पालिकाका र मुलुककै सांस्कृतिक पहिचान र गौरवको रक्षा गर्ने, ऐतिहासिक, धार्मिक, सांस्कृतिक र पुरातात्विक सम्पदा एवं स्थानीय मेला, पर्व एवं जात्राको संरक्षण र व्यवस्थापन गर्ने एमालेको घोषणापत्रमा लेखिएको छ।

प्राकृतिक पर्यावरणीय, साहसिक आरोग्य सेवा, धार्मिक, सांस्कृतिक, कृषि तथा मनोरञ्जन पर्यटन क्षेत्रको पहिचान, प्रवर्द्धन, विकास र संरक्षण गर्ने, जैविक र पर्यावरणीय विविधतासहितको 'इको टुरिजम'को संरक्षण र विकास गर्ने एमालेको नीति छ। प्रत्येक वडामा बगैँचा तथा उद्यानको विकास तथा व्यवस्थापन गर्ने, पालिकाहरूमा पर्यटन प्रवर्द्धनका लागि होटल, रेष्टुरेन्ट, घरबास खोल्न प्रोत्साहन गरिने उल्लेख छ। पदमार्ग, पर्यटन सूचना केन्द्र पर्यटन प्रहरीको विकास, केबुलकार, प्याराग्लाइडिङ, बञ्जीजम्प, र्‍याफ्टिङ, हटएयर बेलुन, हेलिप्याडलगायत पूर्वाधार तथा सेवा

*बाँकी तीन पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# नेपाललाई मध्यम आययुक्त देशमा स्तरोन्नति गर्न करिब ८० करोड अमेरिकी अनुदान

काठमाडौं, २२ वैशाख (रासस)। नेपाललाई मध्यम आययुक्त देशमा स्तरोन्नति गर्ने सरकारको लक्ष्यमा सघाउन संयुक्त राज्य अमेरिकाले रु ७९ अर्ब ७१ करोड अनुदान सहयोग उपलब्ध गराउने भएको छ।

अनुदान सहयोगसम्बन्धी सम्झौतामा अर्थ मन्त्रालयमा बिहीबार आयोजित एक कार्यक्रममा यहाँस्थित अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (युएसएआइडी) का निर्देशक सेपिदेह केवंशद र अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखाका प्रमुख ईश्वरीप्रसाद अर्यालले हस्ताक्षर गर्नुभयो।

त्यस अवसरमा सङ्क्षिप्त मन्तव्य व्यक्त गर्दै निर्देशक केवंशदले पाँच वर्षसम्म सञ्चालन हुने यो सहायता सम्झौताले अमेरिका र नेपालबीचको सहयोग र सहकार्यको बृहत् विकास क्षेत्रको रूपरेखा प्रस्तुत गरेको र यसले नेपालको सामाजिक-आर्थिक उन्नयनमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

अर्थ मन्त्रालयलका सहसचिव अर्यालले अमेरिकी सहयोगबाट सुदृढ लोकतान्त्रिक शासन, उद्यमशील आर्थिक वृद्धि, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनको जोखिममा रहेका समुदायको प्रतिरोधात्मक क्षमता बढाएर नेपालको दिगो विकासमा टेवा पुग्ने बताउनुभयो।

अर्थ मन्त्रालयका अनुसार यो सहयोग गुणस्तरीय शिक्षा एवं स्वास्थ्य प्रणाली, दिगो ऊर्जा र कृषि विकासमा उपयोग गरिनेछ। सहायता रकमलाई सरकारको बजेट प्रणाली (रातो पुस्तक)मा अभिलेख गरेर पारदर्शी रूपमा कार्यान्वयन गरिनेछ।

अमेरिका नेपाललाई द्विपक्षीय सहयोग गर्ने पहिलो दातृ देश हो। नेपाल र अमेरिकाबीच बिहीबार भएको पञ्चवर्षीय विकास सहयोग सम्झौताले दुई देशबीचको ७५ वर्षको विश्वास, आपसी सम्मान र प्रतिबद्धताको सम्बन्धलाई अझ प्रगाढ तुल्याएको छ।

## *यस्ता छन् दलका ...*

सुविधाको विकासका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने योजना पनि एमालेको छ।

**नेकपा (एकीकृत समाजवादी)**

नेकपा (एकीकृत समाजवादी)को घोषणापत्रमा स्थानीय सरकारले आफ्नो भूगोलभित्रका पर्यटकीय स्थानको विकास र संरक्षण गर्नाका साथै पर्यटक आकर्षित गर्न सकिने नयाँ-नयाँ योजना अगाडि सार्ने उल्लेख छ। यसका लागि स्थानीय साधन तथा स्रोतलाई अधिकतम प्रयोग गरी पालिकास्तरमा आन्तरिक तथा बाह्य पर्यटक आकर्षित गरेर आर्थिक गतिविधि बढाउने र रोजगारीका अवसर सिर्जना गरिनेछ। त्यसका लागि पर्यटन ग्राम, घरबास, पर्यटन सडक, पदमार्गलगायत पर्यटन पूर्वाधार निर्माण तथा ऐतिहासिक एवं धार्मिक पर्यटन प्रवर्द्धन गरिने एकीकृत समाजवादीको योजना छ।

**जनता समाजवादी पार्टी**

जनता समाजवादी पार्टीले हरेक गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाले सम्भाव्यताका आधारमा प्राकृतिक-पर्यावरण तथा धार्मिक क्षेत्रको संरक्षण ताल तथा नदीजन्य पदार्थको सही उपयोग, होमस्टे र पदयात्रा पर्यटनको विस्तार गर्दै पाँचवर्षे कार्ययोजनाका आधारमा निश्चित सङ्ख्याका स्वदेशी र विदेशी पर्यटक भित्र्याउने कार्यक्रम बनाउने नीति लिएको छ।

पर्यटक आकर्षित गर्ने होटल तथा रिसोर्ट तथा अन्य सेवा प्रदान गर्ने उद्यमीलाई पहिलो पाँच वर्षसम्म आयकरमा ७५ प्रतिशत छुट दिइने बताइएको छ। होमस्टे सञ्चालन गर्न चाहने महिलाको समूहका लागि रु ५० लाखसम्म लिएको ऋणको पाँच प्रतिशतभन्दा बढी ब्याजमा अनुदान दिइने भनिएको छ।

**नेकपा (माओवादी केन्द्र)**

माओवादी केन्द्रले पनि आफ्नो घोषणापत्रमा पर्यटन प्रवर्द्धनको नीति अघि सारेको छ। पर्यटनको प्रतिफल गाउँ-गाउँमा पुऱ्याउन, नयाँ पर्यटकीय गन्तव्यको पहिचान गर्ने र पर्यटकीय पदमार्गको विस्तार तथा पर्यापर्यटनको विकासमा जोड दिइने घोषणापत्रमा उल्लेख छ। घरबासलगायत पर्यटनमैत्री वस्तु उत्पादन गरी आयआर्जनमा टेवा पुऱ्याइने तथा पर्यटनबाट हुने आयको न्यूनतम ५० प्रतिशत सम्बन्धित स्थानीय तहमै खर्च गर्ने नीति लिइएको छ।

**लोकतान्त्रिक समाजवादी पार्टी**

लोकतान्त्रिक समाजवादी पार्टीले थप पर्यटकीयस्थलको पहिचान, पूर्वाधार निर्माण एवं प्रचार-प्रसार गर्ने योजना बनाएको छ। प्राकृतिक सुन्दरता र सांस्कृतिक सम्पन्नताको कारणले नेपालको हरेक पालिकाको कुनै न कुनै विशेषता रहेकाले उक्त दलले पर्यटकीयस्थलको पहिचान गर्ने र पर्यटनलाई पालिकास्तरसम्म नै लैजान विशेष व्यवस्था गर्ने योजना बनाएको छ।

ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वका थप स्थलको प्रवर्द्धन गरिनेछ। नयाँ पहिचान भएका पर्यटकीय महत्वका स्थलको विकासका लागि आवश्यक सडक र अन्य पूर्वाधारको निर्माण गर्ने उद्देश्य लिइएको छ। पर्यटकीय स्थलको प्रचार-प्रसारका लागि वेबसाइट र अन्य सामाजिक सञ्जालको प्रयोग गरिनेछ। पर्यटकीय स्थलको निर्माण, संरक्षण, पर्यटक ओसारपसार र प्रचारका लागि प्रादेशिक तथा सङ्घीय सरकारसँग सहकार्य गरिने लोसपाले जनाएको छ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


# विश्व समाचार

## अमेरिकी विदेशमन्त्रीलाई कोरोना संक्रमण

वासिङटन, २२ वैशाख (रासस/सिन्ह्वा)। अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिङ्केनलाई कोरोना सङ्क्रमण पुष्टि भएको छ। बुधबार उहाँलाई कोरोना सङ्क्रमणको पुष्टि भएको अमेरिकी विदेश मन्त्रालयले जनाएको छ। अमेरिकी विदेश मन्त्रालयले बुधबार जनाएअनुसार उहाँले कोरोना भाइरसका विरुद्धका सबै मात्रा खोप लिइसक्नुभएकोले उहाँलाई कुनै अप्ठेरो समस्या भने नदेखिएको यहाँका अधिकारीले जनाएका छन्। उहाँले सेन्ट्ल फर डिजीज कन्ट्रोल एण्ड प्रिभेन्सनको नियमअनुसार हाल आइसोलेसनमा रहनुभएको विदेश मन्त्रालयले जनाएको छ। अमेरिकी विदेश मन्त्रालयले विदेश मन्त्री ब्लिंकेनले हाल कुनै पनि अप्ठेरो महसुश नगर्नुभएको र घरबाटै काम गर्नेगरी तयारी गर्नुभएको पनि जनाएको छ।

## कोभिडका नयाँ भेरियन्टलाई पनि कोरोनाको खोपले काम गर्छ : विश्व स्वास्थ्य संगठन

जेनेभा, २२ वैशाख (रासस/सिन्ह्वा)। विश्व स्वास्थ्य संगठनले कोभिडका अरु नयाँ नयाँ भेरियन्टलाई पनि अहिलेको कोभिडका विरुद्धको खोपले नै काम गर्ने जनाएको छ। अहिले पछिल्ला समयमा अफ्रिका तथा अमेरिकामा पनि कोभिडका नयाँ नयाँ भेरियन्ट भेटिएका समाचार आइरहेका बताइएको छ। ती नयाँ भेरियन्टका विरुद्धमा पनि कोरोनाको खोप प्रभावकारी देखिएको विश्व स्वास्थ्य संगठनले जनाएको छ। उक्त संगठनले हालै गरेको अनुसन्धानबाट यो तथ्य पत्ता लागेको समाचारमा जनाइएको छ। विश्वमा कोभिडका सङ्क्रमितका संख्या घट्दै गएको पाइएको छ। साथै गएको सन् २०२० को मार्चको तुलनामा अहिले विश्वमा कोभिडका कारणले हुने गरेको मृत्युमा पनि निकै नै कमी आएको देखिएको छ। यो मृत्युदरमा भएको कमी पनि कोभिडका विरुद्धको खोपकै कारण भएको उक्त संगठनको भनाइ छ। दक्षिण अफ्रिकाका वैज्ञानिकले कोभिडको ओमिक्रोन भेरियन्ट पत्ता लगाएका थिए। यस भेरियन्टको सङ्क्रमण दर अरुको तुलनामा निकै नै बढी थियो। सो भेरियन्टलाई पनि हाल प्रचलनमा रहेकै खोपले प्रभावकारीरुपमा काम गरिरहेको सो संगठनले जनाएको छ।

## कोरोना र रुस-युक्रेन द्वन्द्वका कारण मानसिक असर देखियो : विश्व स्वास्थ्य संगठन

कोपनहेगन, २२ वैशाख (रासस/सिन्ह्वा)। विश्वमा देखा परिरहेको कोरोना भाइरसको महामारीका साथै युक्रेनमाथि भएको रुसको हमलाले मानिसको मानसिक स्वास्थ्यमा असर परिरहेको विश्व स्वास्थ्य संगठनले जनाएको छ। विश्व स्वास्थ्य संगठनले यसअघि विश्वमा नै कोभिडका कारणले मानसिक स्वास्थ्य समस्या उत्पन्न गरेको र यसबाट दशौं लाख मानिसलाई प्रभावित बनाएको जनाएको छ। त्यसैगरी पछिल्लो समयमा आएर युक्रेन पनि यही समस्याका रुपमा थपिएको भन्दै यी दुई समस्याले दशौं लाख मानिसलाई मानसिक स्वास्थ्यको समस्या देखापरेको सो संगठनले जनाएको छ। सो संगठनका युरोप क्षेत्रका निर्देशक हान्स क्लुगले सो कुरा बताउनुभएको हो। उहाँले अनुसन्धानबाट यस्तो समस्या देखिएको भन्दै युक्रेनमाथिको हमलाले युक्रेनका नागरिक मात्र नभएर द्वन्द्वकारुपमा यसको असर अन्यत्र पनि परेको उहाँले बताउनुभयो। रुसले युक्रेनमा आक्रमण गरेपछि युक्रेन र यसका छिमेकी देशमा मानसिक स्वास्थ्यको परामर्श तथा औषधि खपतमा पनि बृद्धि भएको उहाँले बताउनुभयो।

## सन् २०३० सम्ममा स्वच्छ, किफायती ऊर्जाका लागि संयुक्त राष्ट्रसंघको कार्ययोजना घोषणा

अमेरिका (न्युयोर्क), २२ वैशाख (रासस-एएनआई/सिन्ह्वा)। संयुक्त राष्ट्रसंघले सन् २०३० सम्ममा सबैका लागि स्वच्छ, किफायती ऊर्जा प्राप्त गर्न बुधबार आफ्नो ऊर्जा योजनाको शुरुवात गरेको संयुक्त राष्ट्रसंघका प्रवक्ताले बताएका छन्। यो योजनाले गत सेप्टेम्बरमा भएको ऊर्जासम्बन्धी उच्चस्तरीय वार्तामा गरेको बृहत् वाचा पूरा गर्न विश्व निकायका ३० संस्था र अन्तरराष्ट्रिय संस्थाद्वारा सामूहिक कार्यका लागि कदम तय गरिएको संयुक्त राष्ट्रसंघका प्रमुख प्रवक्ता स्टेफेन दुजारिकले उल्लेख गरेका छन्। त्यो प्रतिवद्धतामा ५० करोड बढी मानिसको बिजुलीमा पहुँच र एक अर्ब बढी मानिसलाई सफा खाना पकाउने प्रबन्धको समाधान, २०२५ सम्ममा नवीकरणीय ऊर्जा र ऊर्जा दक्षतामा तीन करोड रोजगारी सिर्जना गर्ने भएको दुजारिकले भनेका छन्। सन् २०३० सम्ममा स्वच्छ, किफायती ऊर्जा जलवायु आपतकालीन र सन् २०५० सम्ममा शुद्ध शून्य उत्सर्जनलाई सम्बोधन गर्न महत्वपूर्ण छ। प्रवक्ताले नयाँ ऊर्जा कम्प्याक्ट एक्शन नेटवर्क पनि घोषणा गरेका छन्। यसको लक्ष्य सरकारसँग उनीहरूको स्वच्छ ऊर्जा लक्ष्यको लागि समर्थन खोज्ने सरकारलाई मिलाउनु हो।

# उम्मेदवारको बुवामाथि धारिलो हतियार प्रहार

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २२ बैशाख ।**
धनुषाको कमला नगरपालिका १ का वडाध्यक्ष पदमा उम्मेदवारी दिनुभएका सर्वदेव यादवका बुवामाथि धारिलो हतियार प्रहार भएको छ ।
आफ्नै घरमा सुतिरहेका उम्मेदवार यादवका बुवा ७० वर्षीय चन्द्रनारायण यादवमाथि बुधबारराति धारिलो हतियार प्रहार भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।
शरीरका विभिन्न ठाउँमा धारिलो हतियार प्रहारबाट गम्भीर घाइते यादवको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिए ।

# लागुऔषधसहित युवक पक्राउ

**दैनिक समाचारदाता**
**जनकपुरधाम, २२ बैशाख ।**
प्रतिबन्धित लागुऔषध पाँच किलो गाजाँसहित धनुषा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ ।
धनुषाको सबैला नगरपालिका-१२ रघुनाथपुरबाट लागुऔषध गाँजासहित धनुषाको मिथिला नगरपालिका-६ ढल्केबरका ३१ वर्षीय किसुनदेव यादवलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।
बरमझियाबाट प्र२-०३-०१९प १९४२ नंको मोटरसाइकलमा डुमरियातर्फ जाने क्रममा जाँच गर्दा लागुऔषध गाँजा बरामद भएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाउँदै पक्राउ परेका यादवमाथि थप अनुसन्धान भइरहेको बताएका छन् ।

### सप्तरी आएर ...

गर्नुपर्नेमा जोड दिएका छन् ।
उनले स्थानिय तहको निर्वाचनले स्थानिय सरकारको गठन गर्ने भएकाले यसलाई निष्पक्ष र मर्यादित बनाउनु सबैको साझा कर्तव्य भएको भन्दै निर्वाचन स्वच्छ र मर्यादित भए योग्य र सक्षम नेतृत्व पाउनुका साथै गाउँ, नगरको विकाससँगै लोकतन्त्र पनि मजबुत भएर जाने उल्लेख गरे ।
उनले निर्वाचनलाई मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्न सरकारको प्रमुख दायित्व रहे पनि यसमा सबै राजनीतिक दल र तीनका उम्मेदवारले पनि उत्तिकै भूमिका खेल्नु पर्ने आवश्यकता रहेको जिकिर गरे । मन्त्री खाँण यसअघि सप्तरीको प्रसिद्ध शक्तिपीठ छिन्नमस्ता भगवती मन्दिरको दर्शन गरेका थिए ।

### माओवादी केन्द्रको ...

पुस्तकालयको संचालन, सिंचाईका लागि किसानलाई निशुल्क विद्युत सेवा लगायतका प्रतिबद्धता पनि उनले घोषणा पत्र मार्फत सार्वजनिक गरेका छन् ।
उनी २०७४ सालमा भएको स्थानिय तहको निर्वाचनमा तत्कालिन राजपाका तर्फबाट उम्मेदवार भई नगरप्रमुख पदमा निर्वाचित भएका थिए । राजपा र संघीय समाजवादी एकजुट भई बनेको जसपामा रहेका उनी पछिल्लो पटक टिकट नपाएपछि असन्तुष्ट भई नेकपा माओवादी केन्द्रमा प्रवेश गरि सोही दलको टिकटमा फेरी नगरप्रमुख पदको उम्मेदवार बनेका हुन् ।

### आचारसंहिता ...

चिन्ह अंकित भेष्ट, ज्याकेट, लोगो, टोपी र स्टिकरहरु प्रदर्शन गरिरहेको प्रति पनि गम्भिर ध्यानाकर्षण भएको जनाउँदै मुख्य निर्वाचन अधिकृतको कार्यालयले एक सूचना मार्फत दल र स्वतन्त्र उम्मेदवारलाई सचेत समेत गराएको छ ।
निर्वाचन आचारसहिता २०७८ ले सार्वजनिक स्थानमा राजनीतिक दल, दलका उम्मेदवार र स्वतन्त्र उम्मेदवारले आचारसहिता उल्लंघन हुने गरि प्रचार प्रसार सामाग्रि झुण्ड्याउन पुर्ण निषेध गरेको छ ।
मुख्य निर्वाचन अधिकृतको कार्यालयले म्यादी प्रहरी, प्रहरी र सशस्त्र प्रहरीको सहयोग लिएर राजविराजसहित सबै पालिकाको बजार क्षेत्र र सार्वजनिकस्थलमा राजनीतिक दलहरूले टाँगेका र टाँसेका निर्वाचन प्रचार-प्रचारका सामग्री हटाउँदै जाने जानकारी दिएको छ ।
निर्वाचन आचारसंहिता, २०७८ को परिच्छेद ४ को दफा १२ (ज) मा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राख्न वा टाँस्न नहुने उल्लेख छ ।

### मोटरसाइकल र ...

काफ्लेले जानकारी दिएका छन् ।
दुर्घटनामा परेका मोटरसाइकल नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।







**सर्पको टोकाईबाट बचौं र बचाऔं ।**

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफुक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**
पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आबश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।
माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | धाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**
पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने
**वा**
**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**
१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५



## निर्वाचन आचार संहिता २०७८मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरु:

**निर्वाचन आचार संहिता राजनीतिक दल, उम्मेदवार लगायत गैरसरकारी संस्था, विद्यालय समेतलाई लागू हुने**
परिच्छेद १ दफा ३ त र थ अनुसार यो आचार संहिता गैरसरकारी संस्थाका पदाधिकारी तथा कर्मचारी र सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी समेतलाई लागू हुने ।

**निर्वाचन प्रचार प्रसारमा बालबालिकालाई प्रयोग गर्न नहुने**
परिच्छेद २ को दफा ४ छ अनुसार सबैले पालना गर्नु पर्ने आचरण अन्तरगत १८ वर्ष पुरा नभएका बालबालिकालाई निर्वाचन प्रचार प्रसार गर्न वा गराउन नहुने
परिच्छेद ४ को दफा १२ ट अनुसार राजनीतिक दल, उम्मेदवार तथा दलका भातृसंगठनले निर्वाचन प्रचार प्रसार, आम सभा तथा जुलुसमा १८ वर्ष उमेर पुरा नभएका बालबालिकालाई प्रयोग गर्न वा गराउन नहुने

**निर्वाचन प्रचार प्रसारमा विद्यालय प्रयोग गर्न नहुने**
१० परिच्छेद २को दफा ४ म अनुसार कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा सामुदायिक विद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धि भेला वा प्रचार प्रसार गर्न वा गराउन नहुने
३० परिच्छेद ३ को दफा ९ क,ग, छ, ज, अनुसार सामुदायिक विद्यालय तथा शिक्षकहरुले पालना गर्नु पर्ने आचरण अन्तर्गत कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, विद्यालयको सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने , राजनीतिक प्रकृतिको कार्यक्र गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**निर्वाचन प्रचार प्रसारमा गैरसरकारी, सरकारी तथा निजी संस्था, पदाधिकारीको प्रयोग हुन नहुने**
परिच्छेद ३ को दफा ११ अनुसार गैरसरकारी तथा निजी संस्थाका पदाधिकारी, कार्यरत कर्मचरीहरुले कुनै राजनैतिक दल वा उम्मेदवारको प्रचार प्रसार गर्न नहुने, आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन वा सभा वा सम्मेलन गर्न वा प्रचार प्रसार गर्न नहुने, राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने, कार्यालयमा राजनैतिक दल वा उम्मेदवारको निर्वाचन प्रचार प्रसार सामग्री टाँस्न वा राख्न नहुने, सामाजिक सञ्जाल प्रयोग गरेर राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचार गर्न, मत माग्न नपाइने

**आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले जुनसुकै माध्यमबाट दिन सक्ने**
परिच्छेद ९ को दफा ३९ अनुसार आचारसंहिता उल्लङ्घन सम्बन्धि उजुरी जो कसैले मौखिक, लिखित, सामाजिक संजाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय, आचारसंहिता अनुगमन समिति, टोली वा अनुगमन अधिकृतलाई उजुरी दिन सक्ने ।
उजुरीकर्ताले चाहेमा निजको नाम नामेशी गोप्य रहने ।

निर्वाचन आचारसंहिता २०७८ मा भएका बालबालिकासंग सम्बन्धित मुख्य प्रावधानहरुबारे
विद्यालय, शिक्षक, अभिभावक, राजनीतिका दल, उम्मेदवार तथा दलका भातृसंगठन
र बालबालिका समेतलाई सचेत गराऔं
निर्वाचन आचारसंहिता पालना भए नभएको अनुगमन गरौं
उल्लङ्घन भएको पाइएमा उजुरी गरौं

Save the Children



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np